नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# वैदेशिक रोजगार विभाग
ताहाचल, काठमाडौं
नेपाल।

प.सं. ०८१/०८२
चलानी नम्बरः-

## प्रेस विज्ञप्ति
प्रकाशित मितिः २०८१/०४/१०

प्रस्तुत विषयमा इजाजतपत्र प्राप्त संस्थाहरुले कुनैपनि व्यक्ति वैदेशिक रोजगारीमा जानका लागि छनौट नहुँदै राहदानी लिने, वैदेशिक रोजगारीमा नपठाउने र राहदानी लिन जाँदा सेवा शुल्क माग्ने जस्ता गुनासोहरु विभागमा प्राप्त हुने गेरेकोले त्यस्तो कार्यहरु नगर्न नगराउन हुन अनुरोध छ। अन्यथा वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम कारवाही गरिने जानकारी गराइन्छ। यसैगरी इजाजतपत्र प्राप्त संस्थाहरुले वैदेशिक रोजगार नियमावली,२०६४ को नियम १४ बमोजिम वैदेशिक रोजगारीका लागि विज्ञापनमा उल्लेख गरिए अनुसारको मिति र समयमा अन्तर्वार्ता नगराउने र सार्ने तथा अन्तर्वार्ताको मितिमा आवेदक जाँदा कार्यालय बन्द समेत हुने गरेको भनी गुनासो प्राप्त हुने गरेकोले विज्ञापन बमोजिम अन्तर्वार्ता गर्ने गराउने व्यवस्थाका लागि जानकारी गराइन्छ।

साथै अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाहरुले तोकिएको मापदण्ड बमोजिम तालिम प्रदान नगरेको भनी गुनासो प्राप्त हुने गरेको तथा विभागबाट अनुगमन गर्दा समेत त्यस प्रकारको अवस्था भेटिएकोले तालिम सञ्चालन गर्ने संस्थाहरुले अभिमुखीकरण तालिम संचालन कार्यविधि, २०७६ बमोजिम वैदेशिक रोजगारमा जाने व्यक्तिहरुलाई अनिवार्य तोकिएको मापदण्ड बमोजिम तालिम प्रदान गरेर मात्र प्रमाणपत्र उपलब्ध गराउनहुन अनुरोध छ। अन्यथा नियमानुसार कारवाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

नेपाल सम्बत ११४४, दिल्लागा पञ्चमी, बिहिबार

०८१/०४/१०
..............................
प्रवक्ता